## लैंगिक हिंसा न्युनीकरणका लागि कोष (सञ्चालन) कार्यविधि, २०७६

नेपालको संविधान, लैंगिक हिंसा निवारण कोष सञ्चालन नियमावलि २०६७ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव तथा (UN Committee on the Elimination 0f Discrimination Against Women (CEDAW)) को उद्देश्य, मर्म र भावना बमोजिम पीडितलाइ तत्काल उद्धार राहात तथा पुनस्थापना गर्ने कार्यको लागि लैंगिक हिंसा न्युनीकरणका लागि कोष (सञ्चालन) कार्यविधि बनाउन बाञ्छनिय भएकोले, लैंगिक हिंसा निवारण कोष (सञ्चालन)(दोस्रो संशोधन) नियमावली २०७६ को नियम ३ख. ले दिएको अधिकार प्रयोग गरि ग्रामथान गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " लैंगिक हिंसा न्युनीकरणका लागि कोष (सञ्चालन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि गाउँसभाले पारित गरे पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नियमावली" भन्नाले लैंगिक हिंसा निवारण कोष (सञ्चालन)(दोस्रो संशोधन) नियमावली २०७६ सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका " भन्नाले ग्रामथान गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "वडा कार्यालय" भन्नाले स्थानीय तहको वडा कार्यालय सम्झनु पर्दछ

(घ) "तत्काल राहत तथा पुनर्थापन समिति" भन्नाले दफा ५ उपदफा २ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यविधि " भन्नाले लैंगिक हिंसा न्युनीकरणका लागि कोष (सञ्चालन) कार्यविधि, २०७६ सम्झनु पर्छ ।

३. **कोषको स्थापनाः**

१. लैंगिक हिंसा न्युनीकरण कालागि एक कोष स्थापना गरिएको छ ।

२. कोषमा देहायका बमोजिमका रकमहरु रहनेछन्

क. स्थानीय तहबाट विनियोजन भएको रकम
ख. संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम
ग. विदेशी सरकार अन्तराष्ट्रिय संघ संस्थाहरुबाट प्राप्त रकम
घ. स्वदेशी संघ संस्थाहरुबाट प्राप्त रकम
ङ. अन्य विविध स्रोतबाट प्राप्त हुन आएको रकम

४. **कोषको उपयोगः**

१. कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः-

क. पीडितलाई तत्काल उद्धार तथा पुनर्स्थापना गर्ने
ख. पीडितलाई औषधी उपचार गर्ने
ग. कानुनी सहायता मनोबैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्ने
घ. राहात प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने
ङ. पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्ने ।

२. कोषको रकम उपदफा १ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

३. उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको कुल खर्च रकमको १० प्रतिशत सम्मको रकम राहात समितिको बैठक सञ्चालन तथा सञ्चालक समितिको सञ्चालनमा लाग्ने खर्चका लागि उपयोग गर्न सकिने छ ।

५. **तत्काल राहत तथा पुनर्थापन समितिको गठनः**

१. कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष संचालक समिति रहनेछ ।

२. सञ्चालक समितिको गठनः

क. गाउँ कार्यपालिकाका उपाध्यक्ष अध्यक्ष
ख. प्रमुख प्रशासकीय अधिकृत सदस्य
ग. लेखा शाखा प्रमुख सदस्य
घ. वडाध्यक्ष ज्यूहरु मध्येबाट गाउँ कार्यपालिकाले सिफारिस गरेको १ जना वडाध्यक्ष सदस्य
ङ. स्वास्थ्य शाखा प्रमुख सदस्य
च. इलाका प्रहरी कार्यालयको महिला बालबालिका सेलबाट १ जना सदस्य
छ. लैगिंक हिंसा निवारणको क्षेत्रमा कार्यरत गै.स.स.मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना सदस्य

ज. महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

३. उपदफा २ बमोजिमको सदस्यको पदावधी ३ वर्षको हुनेछ ।

४. सञ्चालक समितिको सचिवालय ग्रामथान गाउँपालिकामा रहने छ ।

**६. तत्काल राहत तथा पुनर्थापन समितिको काम कर्तव्य र अधिकारः**

१. सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

क. विभिन्न किसिमको हिंसा पीडित तथा प्रभावितको तत्काल उद्धार गर्ने स्वास्थ्योपचार गर्ने राहत दिने सम्बन्धमा आवश्यक सहजीकरण र समन्वय गर्ने

ख. राहत समितिको काम कारबाहीको अनुगमन गर्ने वा गराउने

ग. पालिका भित्र घटेका लैगिक हिंसा सम्बन्धी घटनाको अध्यावधिक गर्ने

घ. पीडितलाई पुनस्थापना गराउने

ङ. लैगिंक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासंग समन्वय गर्ने

घ. कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने

ङ. पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन रकम सिफारिस

च. लैगिंक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने गराउने

२. आवश्यकताका आधारमा एक जना पीडितलाई एक पटकमा दश हजार सम्म समितिको सिफारिसमा उपलब्ध गराउन सक्ने छ ।

**७. तत्काल राहत तथा पुनर्थापन समितिको बैठक तथा निर्णयः**

१. तत्काल राहत तथा पुनर्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२. समितको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा वस्नेछ ।

३. तत्काल राहत तथा पुनर्थापन समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अघावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सुचना सवै सदस्यहरुलाइ दिनु पर्ने छ ।

४. समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको गणपुरक संख्या पुगेको मानिने छ ।

५. तत्काल राहत तथा पुनर्थापन समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

६. तत्काल राहत तथा पुनर्थापन समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

७. तत्काल राहत तथा पुनर्थापन समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछन् ।

८. तत्काल राहत तथा पुनर्थापन समितिले बैठकमा आवश्यकतानुसार कुनै विशिष्ठ व्यक्तिलाइ बैठकमा आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ ।

९. तत्काल राहत तथा पुनर्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. निवेदन दिनु पर्नेः**

१. यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारबाला ब्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनिसव कारण खुलाइ स्थानिय तहमा निवेदन दिनु पर्नेछ

२. उपदफा १ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडितलाइ राहत आर्थिक सहयोग गर्नेपर्ने मनासिव आधार देखिएमा यस गाउँपालिकाले दफा ६ को उपदफा २को अधिनमा रही पीडितलाइ रकम उपलब्ध गराउनेछ ।

३. उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाइ तत्काल उद्धार औषधी उपचार पुनस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा तत्काल राहत तथा पुनर्थापन समितिको अध्यक्षले सो प्रयोजनका लागि कोषबाट मनासिव रकम सम्बन्धित पीडितलाइ उपलब्ध गराउन सक्ने छ ।

४. उपदफा ३ बमोजिमको अवस्था परि समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्ने छ ।

**९. कोषको खाता सञ्चालनः**

१. उक्त रकम पालिकाको नाममा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त वाणिज्य बैकमा छुट्टै खाता खोलि जम्मा गर्नु पर्ने छ ।

२. उपदफा १ बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख संयुक्त दस्तखतबाट हुनेछ ।

१०. **रकम फ्रिज नहुनेः**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

११. **कोषको लेखा र लेखापरीक्षणः**

१. कोषको आय व्ययको लेखा स्थानीय सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिने छ।

२. कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

१२. **प्रतिवेदन पेश गर्नेः**

समितिले आफूले गरेका कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्ने छ।

१३. **कार्यविधिको व्यख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः**

कार्यविधिको कार्यान्वयनको शिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार ग्रामथान गाउँकार्यपालिकालाई हुनेछ।

१४. **खारेजी र बचाउः**

यो कार्यविधि लैगिक हिंसा सम्बन्धी प्रचलित नेपाल सरकारको कानूनसंग बाझिएमा बाझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरु अमान्य हुनेछ र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ।

अनुसुचि

दफा ७ संग सम्बन्धित

विषयः सहयोग उपलब्ध गराई पाउँ।

श्री अध्यक्षज्यू

तत्काल राहत तथा पुनर्थापन समिति

ग्रामथान गाउँकार्यपालिकाको कार्यालय

म................मा वस्ने वर्ष .................को ..................मिति.......................मा लैगिक हिंसाबाट पिडित भएको छु। मेरो आर्थिक स्तर ज्यादै कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधि उपचार/ कानुनी सहायता एवं परामर्श/ उद्धार/ मनोविमर्श/ स्वरोजगार/ पुनस्थार्पना/ अन्य .......................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानिय लैङ्गिक हिँसा निवारण नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु।

निवेदकको-

नाम,थर...........................

ठेगाना.............................

दस्तखत...........................

मिति................................